# नेपाल राष्ट्र बैंक

## बालुवाटार, काठमाडौं

## विद्युतीय भुक्तानीसम्बन्धी जानकारीमूलक सूचना

विद्युतीय भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले २०७६ सालदेखि वार्षिक रूपमा **भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन** जारी गरी विद्युतीय भुक्तानी सेवासम्बन्धी विविध व्यवस्था गर्दै आएको छ ।

विद्युतीय भुक्तानी कारोबारका लागि देहायका व्यवस्था रहेका छन्:

### (क) खुद्रा मूल्य भुक्तानी प्रणाली (Retail Value Payment System-RVPS) अन्तर्गत गरिएका व्यवस्थाहरू

(१) यसअन्तर्गत मुख्यत: **वालेट**मार्फत हुने कारोबार, **मोबाइल बैंकिङ**मार्फत हुने कारोबार, **इन्टरनेट बैंकिङ**मार्फत हुने कारोबारका साथै वालेट र मोबाइल बैंकिङ एप्लिकेसनमार्फत **क्युआर कोड (QR Code)** को प्रयोग गरी हुने साना मूल्यका भुक्तानी कारोबारहरू पर्दछन् ।

(२) यी कारोबारका सीमा देहायबमोजिम रहेका छन्:

| कारोबारको प्रकृति/उपकरण | प्रतिदिन (रु.) | प्रतिमहिना (रु.) |
|---|---|---|
| **मोबाइल एप्लिकेसन** (Mobile Banking App, Connect IPS App साथै QR Code समेत) मार्फत | ३ लाख | सीमा नरहेको । |
| **वेब एप्लिकेसन** (Connect IPS, Internet Banking बाट समेत) मार्फत | २० लाख | सीमा नरहेको । |
| **बैंक खाताबाट** वालेटमा गरिने रकमान्तर | २ लाख | १० लाख |
| **वालेटबाट** अन्य बैंक खातामा (QR Code समेत) रकमान्तर | २ लाख | १० लाख |
| एउटा वालेटबाट अर्को वालेटमा रकमान्तर | ५० हजार | ५ लाख |

(३) डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्डको प्रयोगमार्फत गरिने वस्तु तथा सेवाको भुक्तानी (मर्चेन्ट पेमेन्ट) एवम् अनलाइन कारोबार (ई-कमर्स) मा **कुनै पनि सीमा रहेको छैन** ।

(४) नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने कर, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेशन तथा सेवा शुल्क, खानेपानी महसुल, विद्युत महसुल, दूरसञ्चार शुल्क, योगदानमा आधारित सामाजिक सुरक्षा कोषको रकम भुक्तानी, विद्यालयको शुल्क, बीमा प्रिमियमको रकमलगायत भुक्तानी गर्दा माथि उल्लिखित **सीमा लागु नहुने व्यवस्था** रहेको छ ।

(५) वालेटबाट वालेट प्रयोगकर्ताको आफ्नै बैंक खाता (वालेटमा लिङ्क गरिएको) मा रकमान्तर गर्दा कुनै सीमा लागु नहुने व्यवस्था रहेको छ ।

(६) कुनै व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थामा रहेको एउटा खाताबाट सोही व्यक्तिको नाममा सोही संस्थामा रहेको अर्को खातामा रकमान्तर गर्दा कुनै सीमा लागु नहुने व्यवस्था रहेको छ ।

(७) स्मार्ट फोन आवश्यक नपर्ने **Unstructured Supplementary Service Data - USSD** प्रणालीबाट प्रतिकारोबार रु.५ हजार र प्रतिदिन अधिकतम रु.१० हजारसम्मको कारोबार गर्न सकिने व्यवस्था रहेको छ ।

(८) Near Field Communication (NFC) प्रविधिको प्रयोग गरी भुक्तानी कार्डमार्फत Contactless कारोबार गर्दा प्रतिकारोबार अधिकतम रु.५ हजारसम्मको कारोबार गर्न सकिने व्यवस्था रहेको छ ।

(९) डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड एवम् वालेट र मोबाइल बैंकिङ एप्लिकेसनमार्फत क्युआर कोडको प्रयोग गरी स्वदेशभित्र गरिने वस्तु तथा सेवाको भुक्तानी (मर्चेन्ट पेमेन्ट) एवम् अनलाइन कारोबार (ई-कमर्स) कारोबारको भुक्तानीमा ग्राहकलाई कुनै पनि शुल्क नलाग्ने व्यवस्था रहेको छ ।

(१०) ग्राहकले Mobile App /Internet /SMS Banking/Digital Wallet को Username र Password वा Transaction PIN हराएमा/बिर्सिएमा कुनै शुल्क नलाग्ने गरी सम्बन्धित व्यक्तिले आफैं Retrieve गरी सेवा पुन: सुचारु गर्नसक्ने व्यवस्था रहेको छ ।

### (ख) व्यावसायिक प्रयोजनको लागि विशेष भुक्तानी सेवाका सम्बन्धमा भएका व्यवस्थाहरू

(१) यसअन्तर्गत व्यावसायिक कारोबार गर्ने संस्थाले प्रयोग गर्न मिल्ने भुक्तानी उपकरणहरू (जस्तै: Corporate Pay, Inter-Bank Fund Transfer for Business) मार्फत हुने कारोबारको लागि आवश्यकतानुसार छुट्टै सीमा प्रदान गर्ने गरिएको छ ।

(२) यस्ता उपकरणमार्फत विशेषगरी व्यापारिक कारोबारको भुक्तानी, कर्मचारीको तलब भत्ता भुक्तानी, सरकारी कारोबारको रकम भुक्तानी गर्न सकिन्छ । यस्तो कारोबार वास्तविक समयमा एवम् प्रणाली सञ्चालकले निर्धारण गरेको Settlememt Cycle बमोजिम सम्पन्न हुन्छ ।

(३) यो सेवाअन्तर्गतका प्रणालीमा आबद्ध हुनका लागि सम्बन्धित पक्षले बैंक तथा वित्तीय संस्थामा अनुरोध गरी आवश्यक प्रक्रिया पूरा गर्नुपर्दछ ।

### (ग) ठूलो मूल्यको भुक्तानी प्रणाली (Large Value Payment System-LVPS) अन्तर्गत गरिएका व्यवस्थाहरू

(१) वास्तविक समयमा ठूलो मूल्यको भुक्तानी कारोबार गर्न Real Time Gross Settlement (RTGS) प्रणालीमार्फत रु.२ लाख वा सोभन्दा माथिको रकमको कारोबार गर्न सकिन्छ ।

(२) यो प्रणाली आइतबारदेखि बिहीबारसम्म बिहान ८:३० देखि बेलुका ७:३० बजेसम्म र शुक्रबार बिहान ८:३० देखि अपराह्न २:४५ बजेसम्म सञ्चालनमा रहेको छ ।

(३) यस्तो सेवा ग्राहकले सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई लिन सक्छन् ।

(४) यसैगरी Non-Real Time Settlement हुने गरी गरिने ठूलो मूल्यको भुक्तानी कारोबार Inter-bank Payment System (IPS) मार्फत हुने व्यवस्था रहेको छ ।

***